महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

मिति : २०७८ पौष १२


## ५ महिनामा ८४४ जना महिला तथा बालिकामाथि हिंसा, ५६ प्रतिशत हिंसा घरभित्रै

### पृष्ठभुमि

ओरेकले पछिल्लो ५ महिना साउन देखि मंसिरसम्ममा ८४४ जना महिला तथा बालिकामाथि भएका हिंसाका घटनाहरु अभिलेखिकरण गरेको छ । यस अवधिमा घटेका महिला हिंसाका घटनाहरुको विश्लेषण गर्दा सबैभन्दा बढी ५६ प्रतिशत अर्थात ४७५ वटा घटना घरभित्रकै सदस्यको संलग्नता भएको तथ्याँकले देखाएको छ । यसै समयमा श्रीमान तथा परिवारका अन्य सदस्यहरुबाट महिलालाई विभिन्न वाहानामा कुटपिट गरिएका, स्रोत-साधनबाट बञ्चित गरिएका, घरनिकाला गरिएका, गालिगलौज गरी भावनात्मक चोट पुगेका, विभिन्न डर त्रास देखाई मानसिक यातना दिएका तथ्याकहरु संकलन भएका छन । परिवार, समाज र राज्यमा स्थापति पितृसत्तात्मक सौंच र सोही अनुरुप विभेदकारी मूल्य मान्यताका कारण हुने हिंसा महिलाले भोग्नैपर्ने नियती जस्तै बनेको छ । यो तथ्याङ्कबाट महिलाहरु घर परिवार जहाँ महिलाले धेरै सुरक्षा पाउनु पर्ने हो त्यस ठाँउमा नै बढी असुरक्षित भएको देखिएको छ ।

त्यसैगरि मंसिर महिनामा मात्र ओरेकले आफ्नो कार्यालयमा अभिलेखिकरण गरेका (११९) तथा विभिन्न राष्ट्रिय पत्रपत्रिकाहरुबाट प्राप्त (३०) घटनाका आधारमा १४९ वटा लैङ्गिक विभेदमा आधारित हिंसाको तथ्याङ्क पनि अभिलेखिकरण गरेको छ ।


**क) हिसाको प्रकार**




त्यस्तैगरी यस अवधिमा १५२ वटा (१८ प्रतिशत) बलात्कार, ७५ वटा (९ प्रतिशत) सामाजिक हिंसा, ५३ वटा (६ प्रतिशत) हत्याको घटना त्यसैगरी ३७ वटा (४ प्रतिशत) यौन दुर्व्यवहार, १४ वटा (२ प्रतिशत) अन्य मध्ये ७ वटा अलपत्र अवस्थामा बाटोमा फेला


परेका घटना र ७ वटा साइवर अपराधसँग सम्बन्धित घटनाहरु, ११ वटा (१ प्रतिशत) बलात्कारको प्रयास त्यस्तै ११ वटा (१ प्रतिशत) आत्महत्या, ८ वटा (०.९ प्रतिशत) मानव बेचविखन त्यस्तै ४ वटा (०.५ प्रतिशत) हत्याको प्रयास र ४ वटा (०.५ प्रतिशत) मानव बेचविखनको प्रयासका घटनाहरु रहेका छन् ।

**ख) घरेलु हिंसाका प्रकार (साउन–मंसिर,२०७८)**





संस्थामा अभिलेखिकरण भएका घरेलु हिंसाका घटना मध्ये २१६ वटा (४५ प्रतिशत) मा कसैलाई खान लाउन नदिई माया ममताबाट बञ्चित गरी घर निकाला गरिएको, कसैको नागरिता नवनाइदिएको, कसैको विवाह दर्ता नवनाइदिएको त्यसैगरी कसैको बच्चाको जन्मदर्ता नवनाइदिएको त्यस्तै कसैलाई शैक्षिक सुविधाबाट बञ्चित गरिएको र कसैलाई स्वास्थ्य सुविधावाट बञ्चित गरिएको पाइएको छ । त्यसैगरी १३७ वटा (२९ प्रतिशत) मा शारीरिक हिंसा र १२२ वटा (२६ प्रतिशत) मा मानसिक हिंसाका घटना रहेका छन् । जुन घटनालाई हेर्दा महिलाहरुलाई दाइजो नल्याएको वा कम ल्याएको निहुँमा, छोरी छोरी जन्माएको निहुँमा, विवाह भएको लामो समयसम्म बच्चा नजन्मिएकोमा सबै दोष महिलालाई मात्र लगाएर, गालीगलौज गर्ने, अपशब्द प्रयोग गर्ने तथा चारित्रिक आरोप लगाई दैनिक रुपमा शारीरिक तथा मानसिक यातना दिएको पाइएको छ ।

ग) घरेलु हिंसा र आरोपितसंगको संवन्ध (साउन–मंसिर,२०७८)





तथ्याँकको आधारमा विश्लेषण गर्दा घरेलु हिंसाबाट प्रभावित महिलाहरु मध्ये ३५६ जना (७५ प्रतिशत) श्रीमान र ११९ जना (२५ प्रतिशत) परिवारका अन्य सदस्यहरुबाट महिलाहरु हिंसा प्रभावित भएको यथार्थताले महिलाहरु सबैभन्दा बढी असुरक्षित घरभित्र नै छन् भन्ने कुराको पुष्टि गर्दछ ।

घ) घरेलु हिंसा र प्रभावितको उमेर (साउन–मंसिर,२०७८)



यसैगरी घरेलु हिंसाबाट प्रभावितहरुको उमेर समूहलाई हेर्दा सबैभन्दा बढी २०९ जना (४४ प्रतिशत) २६ देखि ३५ वर्ष उमेर समुहका महिलाहरु हिंसाबाट प्रभावित भएको पाईएको छ । यस्तैगरी १७ देखि २५ बर्ष उमेर समुहका १४७ जना (३१ प्रतिशत), ३६ देखि ४५ बर्ष उमेर समुहका ६९ जना (१५ प्रतिशत), ४६ वर्ष भन्दा माथि उमेर समूहका ३८ जना (८ प्रतिशत) र १६ बर्षभन्दा कम उमेरका १२ जना (३ प्रतिशत) बालिकाहरु विभिन्न प्रकारका घरेलु हिंसाबाट प्रभावित रहेका छन् ।

**ङ) आरोपित र उमेर (साउन–मंसिर,२०७८)**




यस्तै, घरेलु हिंसामा संलग्न आरोपित व्यक्तिहरुको उमेरको आधारमा हेर्दा सबैभन्दा धेरै २६ देखि ३५ वर्ष उमेर समुहका १५८ जना (४२ प्रतिशत) युवाहरु रहेका छन् । यसैगरी ९४ जना (२५ प्रतिशत) ३६ देखि ४५ बर्ष उमेर समुहका पुरुषहरु, ६२ जना (१७ प्रतिशत) ४६ बर्षभन्दा माथि उमेर समूहका पुरुषहरु त्यस्तै ५९ जना (१६ प्रतिशत) १७ देखि २५ वर्ष उमेर समुहका यवाहरु रहेका छन् र २ जना (१ प्रतिशत) १६ वर्ष भन्दा कम उमेरका युवाहरु घरेलु हिंसामा संलग्न भएको पाइएको छ ।

**निश्कर्ष:**

यसरी तथ्याँकको आधारमा हेर्दा १७ देखि ४५ बर्ष उमेर समूहका ३५५ जना महिलाहरु सबै भन्दा बढी घरेलु हिंसाबाट प्रभावित रहेको र सोही उमेर समुहका २५५ जना युवा पुरुषहरु सबैभन्दा बढी हिंसामा संलग्न रहेको पाइएको छ । तथ्याँकको आधारमा विश्लेषण गर्दा महिला हिंसा सबैभन्दा बढी संख्यामा आफ्नो घरमा नै बढी जोखिममा रहेको पाईएको छ । जहाँ घरपरिवारका सदस्य, आफ्नो श्रीमान् र आफन्तबाट हुने हिंसाले महिलाहरु जहाँ छन् त्यहीँ नै असुरक्षित छन् भन्ने कुराको पुष्टी गर्दछ । अर्थात महिलाहरुको लागि सुरक्षित स्थान नै छैन । जहाँ हिंसा खेप्न नपरोस् । यो आफैमा चुनौतीपूर्ण विषय हो ।

Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

समाज परिवर्तनमा लाग्नुपर्ने युवाहरु नै हिंसाको लागि जिम्मेवार भइदिँदा समाज परिवर्तनसंगै देशको समग्र विकासमा बाधा पुऱ्याउने देखिन्छ । त्यसकारण घरेलु हिंसा तथा महिलामाथि हुने सबैखाले हिंसा अन्त्यका लागि व्यक्तिगत सोँच र व्यवहारमा परिवर्तन गर्नुपर्ने र यसका लागि स्थानीय तहदेखि नै हरेक घर सुरक्षित बनाउने अभियान सञ्चालन गर्नुका साथै यसको प्रमुख कारणको खोजी र समाधानका उपायहरु सहित अगाडी बढ्न जरुरी छ ।

लुभराज न्यौपाने
कार्यकारी निर्देशक
ओरेक

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org